# निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियनको निर्वाचन सम्बन्धी विनियमावली, २०६९

श्रम विभागबाट जारी मिति २०६९।०३।०५

निजामती कर्मचारी आधिकारिक ट्रेड युनियनको निर्वाचन सम्बन्धमा ब्यबस्था गर्न निजामती सेवा नियमावली, २०५० को नियम ११७क. को उपनियम (१२) को खण्ड (झ) बमोजिम राष्ट्रियस्तरको ट्रेड यूनियनहरु संग परामर्श गरी श्रम विभागले यो विनियमावली जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भीक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो विनियमको नाम "निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियनको निर्वाचन सम्बन्धी विनियमावली, २०६९" रहेको छ ।

(१) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्दछ ।

(ग) "निर्वाचन" भन्नाले निजामती सेवा ऐन, २०४९ को दफा ५३क र नियमावलीको नियम ११७क. तथा यस विनियमावली बमोजिम आधिकारिक ट्रेड यूनियनको लागि हुने निर्वाचन सम्झनु पर्छ ।

(घ) "मतदाता" भन्नाले विनियम १० मा उल्लेख भए वमोजिमको मतदाता सम्झनु पर्छ ।

(ङ) "उम्मेद्वार" भन्नाले आधिकारिक ट्रेड यूनियनको निर्वाचनको लागि उम्मेद्वार भएको निजामती ट्रेड युनियनलाई सम्झनु पर्छ ।

(च) "निर्वाचन अधिकृत" भन्नाले यस विनियमावलीको परीच्छेद ३ वमोजिम नियुक्त भएको प्रमुख निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शव्दले निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(छ) "विभाग" भन्नाले देहायको निकायहरुको समुच्चालाई विभागलाई सम्झनु पर्दछ ।

(१) संविधान वमोजिम गठन भै निजामती सेवाको दरबन्दी रहेका संवैधानिक अंग, सचिवालय वा आयोग छुट्टा छुट्टै विभाग मानिने छन् ।

(२) प्रत्येक मन्त्रालय छुट्टा छुट्टै विभाग मानिनेछ । तर मन्त्रायल अन्तरगतको विभाग वा केन्द्रीयस्तरको कार्यालयहरु मन्त्रालय भित्रै समावेश भएको मानिनेछ ।

## परिच्छेद - २

## निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय सम्वन्धी व्यवस्था

३. **निर्वाचन अधिकृतको नियुक्ति :**

(१) निर्वाचनको मिति भन्दा छ महिना अगावै नेपाल सरकारले न्याय सेवाको प्रथम श्रेणीको अधिकृतलाई प्रमुख निर्वाचन अधिकृत तोक्नु पर्नेछ ।

(२) प्रमुख निर्वाचन अधिकृतले कानून तथा न्याय मन्त्रालयसंग परामर्श गरी नेपाल न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई निर्वाचन अधिकृतको रुपमा नियुक्त गर्न सक्नेछ ।

तर कुनै जिल्लामा न्याय सेवाको राजपत्राङ्कित द्वितीय क्षेणीको अधिकृत नभएमा कार्यालय प्रमुख भएको न्याय सेवाको राजपत्राङ्कित तृतीय क्षेणीका अधिकृतलाइ नियुक्त गर्न वाधा पर्ने छैन ।

**४. निर्वाचन अधिकृतको कार्यालयको स्थापना :**

(१) आधिकारिक ट्रेड यूनियनको निर्वाचनको लागि नेपाल सरकारले काठमाण्डौमा प्रमुख निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नेछ ।

(२) जिल्लाको निर्वाचनको लागि संवन्धित जिल्लाको लागि नियुक्त निर्वाचन अधिकृतले तोकेको स्थानमा निर्वाचन अधिकृतको कार्यालय रहने छ ।

(३) विभागको हकमा विभागको कानून अधिकृतको कार्यालय वा सो नभएमा विभागीय प्रमुखले तोकेको कार्यालय नै विभागीय निर्वाचनको लागि निर्वाचन अधिकृतको कार्यालय हुनेछ ।

(४) प्रमुख निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन संचालनको लागि आवश्यक पर्ने कर्मचारीहरु नेपाल सरकारबाट उपलब्ध गराइने छ ।

**५. सहायक निर्वाचन अधिकृतको व्यवस्था :**

(१) निर्वाचन अधिकृतले आफ्नो कार्यालयको क्षेत्रभित्रको सवै मतदाताहरुलाई एकै ठाउँमा ल्याई मतदान गराउन सम्भव नहुने देखेमा आवश्यक संख्यामा मतदान केन्द्रहरु तोकी उक्त मतदान केन्द्रहरुमा मतदान गराउने प्रयोजनका निमित्त आवश्यकतानुसार सहायक निर्वाचन अधिकृतहरु नियुक्त गर्न सक्नेछ । यसरी नियुक्ती गर्दा मतदाता नामावलीमा नाम संलग्न नभएकोलाई नियुक्ती गरिनेछ ।

(२) उपविनियम (१) बमोजिम नियुक्त सहायक निर्वाचन अधिकृतहरुले आफूलाई तोकिएको मतदान केन्द्रमा निर्वाचन गराउँदा निर्वाचन अधिकृतको निर्देशनमा रही यस विनियमावली बमोजिम निर्वाचन अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकारहरु प्रयोग गर्नेछन् ।

**६. प्रमुख निर्वाचन अधिकृतको कार्यालयको काम :**

प्रमुख निर्वाचन अधिकृतको कार्यलयको काम देहाय वमोजिम हुनेछ :

(१) मतदाता नामावली तयार गर्ने ।

(२ मतदाता नामावली प्रकाशन गर्ने र सम्वन्धित विभाग तथा जिल्लामा रहेको निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशनको लागि पठाउने ।

(३) निर्वाचन कार्यक्रमको प्रकाशन गर्ने ।

(४) उम्मेद्वारी दर्ता गर्ने, निर्वाचन कार्यक्रम अनुरुप मतदान गराउने व्यवस्था गर्ने लगायतका सवै कार्य गर्ने ।

(५) निर्वाचनमा उम्मेद्वार निजामती ट्रेड युनियनको तर्फवाट मत परीणामको आधारमा प्रतिनिधित्व गर्ने व्यक्तिहरुको सूचि प्राप्त गरी अभिलेख राख्ने

(५) केन्द्रको लागि निर्वाचन परीणामको घोषणा गर्ने ।

७. **निर्वाचन अधिकृतको कार्यालयको काम :** निर्वाचन अधिकृतको कार्यालयको काम देहाय अनुसार हुनेछ ;

(१) सम्वन्धित कार्यालयको क्षेत्राधिकार भित्रको मतदाता नामावली प्रकाशन गर्ने ।

(२) आफ्नो क्षेत्रको निर्वाचन गराउने ।

(३) मत गणना गरी परिणाम घोषणा गर्ने र केन्द्रको आधिकारीक निर्वाचनमा प्राप्त मतलाई प्रमाणित गरी प्रमूख निर्वाचन अधिकृतको कार्यालयमा पठाउने ।

(४) सम्वन्धित विभाग वा जिल्लाको लागि उम्मेद्वार भएका निजामती ट्रेड युनियनको तर्फवाट मत परीणामको आधारमा प्रतिनिधित्व गर्ने व्यक्तिहरुको नामावली अभिलेख राख्ने ।

(५) यस विनियमावलीमा निर्वाचन अधिकृतको कार्यालयले गर्ने भनेको अन्य कार्यहरु गर्ने ।

८. **निर्वाचन अधिकृतको कर्तव्य तथा अधिकार :**

(१) निर्वाचन अधिकृतको मुख्य काम निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनको निर्वाचन गराउनु हुनेछ । प्रमुख निर्वाचन अधिकृतको कार्यालयको तर्फवाट गर्ने काम प्रमुख निर्वाचन अधिकृतले र अन्य कार्यालयको कार्य संचालन सम्वन्धित क्षेत्रको निर्वाचन अधिकृतबाट हुनेछ ।

(२) निर्वाचन अधिकृतले यस विनियम बमोजिमको कार्य संचालनको लागि मतदान तथा मत गणना लगायतको कार्य संचालनको लागि अन्य कर्मचारी नियुक्त गर्ने तथा सहयोग लिन सक्नेछ ।

९. **पारिश्रमिक तथा भत्ता :** प्रमुख निर्वाचन अधिकृत, निर्वाचन अधिकृत तथा सहायक निर्वाचन अधिकृत, श्रम विभागका सम्बन्धित कर्मचारीहरु र निर्वाचन कार्यालयमा खटिइ जाने अन्य कर्मचारीहरुले नेपाल सरकारले तोके वमोजिमको पारिश्रमिक तथा भत्ता पाउने छन् ।

## परिच्छेद - ३

## मतदाता नामावली

१०. **मतदाता :**

(१) निजामती कर्मचारीको रुपमा कार्यरत रहेका स्थायी कर्मचारीहरु मध्ये निजामती सेवा ऐन, २०४९ को दफा ५३(२)(क) वमोजिम निजामतीको ट्रेड यूनियनमा सदस्यता लिन सक्ने योग्यता पुगेका कर्मचारीहरु आधिकारीक ट्रेड यूनियनका मतदाता रहने छन् ।

(२) मतदाता नामावली संकलन कार्यका लागि प्रमुख निर्वाचन अधिकृतले सम्बन्धित निर्वाचन क्षेत्रमा रहेका कार्यालयहरुवाट उपविनियम (१) वमोजिमका कर्मचारीहरुको नामावली संकलन गर्ने छ । निर्वाचन अधिकृतवाट माग हुदा सम्बन्धित कार्यालयले तोकिएको समय भित्र उपविनियम (१) वमोजिमका कर्मचारीहरुको नामथर, संकेत नंवर र पद स्पष्ट खुल्ने गरी विवरण पठाउनु पर्ने छ ।

(३) प्रमुख निर्वाचन अधिकृतले निजामती सेवा ऐन, २०४९ को दफा ५३(३)(क) मा उल्लेख भए अनुसार सोही ऐनको दफा ५३(१) वमोजिम गठन भएका प्रत्येक युनियनहरुसंग आफ्नो संगठनमा आवद्ध कर्मचारीहरुको विवरण पैतालीस दिन भित्र पेश गर्न म्याद दिनु पर्दछ । यस

प्रयोजनका लागि श्रम विभागले निजामती सेवा ऐन, २०४९ को दफा ५३ (१) बमोजिम गठन भएका यूनियनहरुको सूची उपलब्ध गराउने छ । यसरी मतदाता नामावली संकलन गर्दा आ आफ्नो सदस्यको नामावली तोकिएको ढाँचामा उपलब्ध गराउनु सम्वन्धित ट्रेड यूनियनहरुको जिम्मेवारी हुनेछ । तर कुनै ट्रेड यूनियनले यस उपविनियम बमोजिमको विवरण नदिएकै कारणबाट मतदाता नामावली तयार गर्न वाधा पुगेको मानिने छैन ।

(४) उप विनियम (३) वमोजिम युनियनहरुले कर्मचारीहरुको विवरण पठाउदा कार्यरत कर्मचारीहरुको नाम थर, ठेगाना, कार्यरत कार्यालय, कर्मचारीको संकेत नं र पद स्पष्टसंग खुलाई जिल्ला स्तर र विभाग स्तरको छुट्टा छुट्टै पठाउनु पर्नेछ ।

(५) उपविनियम (२) र (४) वमोजिम प्रत्येक कार्यालय र युनियनहरुवाट प्राप्त नामावलीको सम्वन्धमा निजामती किताबखानासंग समन्वय राखी सो नामावलीलाई रुजु गरी जिल्ला र विभागस्तरको छुट्टा छुट्टै नामावली तयार गर्नु पर्नेछ ।

(६) उपविनियम (५) वमोजिमको नामावली निर्वाचन हुनु भन्दा साठी दिन अगावै तयार गर्नु पर्नेछ ।

(७) मतदाता नामावली संकलन गरिसके पछि कुनै कर्मचारी सरुवा भएमा सो को जानकारी साविक जिल्ला वा विभागमा रहेको निर्वाचन अधिकृतले हालको जिल्ला वा विभागमा रहेको निर्वाचन अधिकृतलाई जानकारी गराई हाल कार्यरत जिल्ला वा विभागमा मतदान गर्ने व्यवस्था मिलाउनु पर्ने छ । सरुवाको जानकारी गराउनु सम्वन्धित कर्मचारीको कर्तव्य हुने छ ।

११. **मतदाता नामावली प्रकाशन** : निर्वाचन अधिकृतको कार्यालयले तयार गरेको विनियम १०(६) वमोजिमको मतदाता नामावली प्रमुख निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा र सम्वन्धित जिल्ला वा विभागीय निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गरिनेछ ।

१२. **मतदाताको नामावलीमा दावी विरोध** : (१) विनियम ११ बमोजिम प्रकाशित गरिएको मतदाता नामावलीमा नाम छूट भएमा समावेश गर्न वा गैर मतदाताको नाम समावेश भएकोमा हटाउन वा नाम विवरण गलतरुपमा प्रकाशित भएकोमा सच्याउनको लागि सो सूचना प्रकाशित भएको मितिले सात दिन भित्र निर्वाचन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) विनियम १२(१) बमोजिम मतदाता नामावलीमा नाम थप गर्ने, हटाउने वा सच्याउने प्रयोजनको लागि सम्बन्धित कर्मचारी वा मान्यता प्राप्त ट्रेड युनियनले निर्वाचन अधिकृत समक्ष प्रमाण सहित निवेदन दिन सक्नेछ ।

(३) उप विनियम (२) बमोजिमको निवेदन उपर निर्वाचन अधिकृतले आवश्यक जाँचबुझ गरी निवेदन दिने म्याद समाप्त भएको मितिले दुई दिनभित्र नाम थप गर्ने, हटाउने वा सच्याउने सम्वन्धमा परेको निवेदन उपर आवश्यक निर्णय गरी सक्नु पर्नेछ ।

१३. **मतदाताको अन्तिम नामावली प्रकाशन गर्ने** : (१) विनियम १२ बमोजिम मतदाता नामावलीमा नाम थप गर्ने, हटाउने वा सच्याउने गरी भएको निर्णय वमोजिम अन्तिम मतदाता नामावली प्रकाशित गरी सो कुराको सूचना कार्यालयमा सबैले देख्ने ठाउँमा टाँस्नु पर्नेछ ।

(२) यसरी प्रकाशित भएको सूचनाको जानकारी सम्वन्धित निर्वाचन अधिकृतको कार्यलयले प्रमुख निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

१४. **मतदाता नामावली उपलब्ध गराउने** : अन्तिम मतदाता नामावली प्रकाशन भएपछि निर्वाचन अधिकृतको कार्यालयले मान्यताप्राप्त निजामती ट्रेड युनियनहरुलाई सो को एक प्रति उपलब्ध

गराउनु पर्नेछ र सो भन्दा बढी प्रति माग गरेमा प्रतिलिपी तयार गर्दा लाग्ने शु:ल्क लिई उपलव्ध गराउनु पर्नेछ ।

## परिच्छेद-४

## मतदान केन्द्र

१५. **मतदान केन्द्र :** (१) प्रमुख निर्वाचन अधिकृतले मतदानको दिन भन्दा एक महिना अगावै मतदान केन्द्र निर्धारण गर्नु पर्नेछ ।

(२) उप विनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक सय भन्दा कम मतदाता कार्यरत रहेको जिल्ला वा विभागको लागि एक भन्दा बढी मतदान केन्द्र स्थापना हुने छैन ।

तर दुर्गम तथा हिमाली क्षेत्रमा एक सय भन्दा कम मतदाता भएता पनि मतदाताको सुविधालाई ध्यानमा राखी प्रमुख निर्वाचन अधिकृतले एक भन्दा बढी मतदान केन्द्र तोक्न सक्नेछ ।

१६. **मतदान केन्द्रको जानकारी दिनु पर्ने :** (१) निर्वाचन अधिकृतले विनियम १५ वमोजिम निर्धारण गरिएको मतदान केन्द्रको जानकारी प्रमुख निर्वाचन अधिकृतको कार्यालयलाई दिनु पर्नेछ ।

(२) यसरी जानकारी दिदा मतदान केन्द्रको कार्यालय रहने स्थान, सम्पर्क टेलिफोन तथा फ्याक्स नम्वर र सहायक निर्वाचन अधिकृतको रुपमा नियुक्त भएको व्यक्तिको नाम तथा फोन नम्वर समेत दिनु पर्नेछ ।

## परिच्छेद - ५

## निर्वाचन कार्यक्रम प्रकाशन

१७. **निर्वाचन कार्यक्रम तयार गर्ने :** प्रमुख निर्वाचन अधिकृतले निजामती ट्रेड युनियनको प्रतिनिधिहरुसंग परामर्श गरी निर्वाचन कार्यक्रम तयार गर्नु पर्नेछ ।

१८. **निर्वाचन कार्यक्रम प्रकाशित गर्ने :** (१) प्रमुख निर्वाचन अधिकृतको कार्यालयले मतदान हुने मिति र समय तोकी निर्वाचनको सूचना जारी गर्नेछ ।

(२) उप विनियम (१) वमोजिम जारी गरेको सूचनाको जानकारी सम्बन्धित राष्ट्रियस्तरका दैनिक पत्रिकामा निर्वाचनको लागि तोकिएको मतदानको मिति भन्दा तीस दिन अगावै जारी गरिसक्नु पर्नेछ ।

(३) जिल्ला वा विभागीय तहको निर्वाचनको हकमा सवै निर्वाचन कार्यालयहरुमा निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गरी सार्वजनिक संचार माध्यम, राष्ट्रिय र स्थानीयस्तरका दैनिक पत्रिका लगायत अन्य सञ्चार माध्यमवाट समेत जानकारी प्रदान गर्न सकिनेछ ।

१९. **निर्वाचन कार्यक्रम प्रकाशन गर्दा समावेश गर्नुपर्ने विषयहरु :** निर्वाचन कार्यक्रम प्रकाशन गर्दा देहायको विषयहरु समावेश गरेको हुनुपर्नेछ ।

(१) मतदाता नामावली प्रकाशन,

(२) मतदाता नामावली उपर दावि विरोध,

(३) अन्तिम मतदाता नामावली प्रकाशन,

(४) उम्मेद्वारी दर्ता,

(५) उम्मेद्वारले नाम फिर्ता लिने,

(६) उम्मेद्वारको नाममा दावी विरोध,

(७) उम्मेद्वारको अन्तिम नामावली प्रकाशन,

(८) मतदान समय,

(९) मतगणना र नतिजा प्रकाशन,

(१०) अन्य आवश्यक कुराहरु,

## परिच्छेद - ६

## उम्मेद्वारी दर्ता र नाम प्रकाशन

२०. **उम्मेद्वारको मनोनयन** : राष्ट्रियस्तरका ट्रेड युनियनको तर्फवाट अनुसूचि- १ वमोजिमको ढाँचामा प्रमुख निर्वाचन अधिकृत समक्ष उम्मेद्वारीको लागि मनोनयनपत्र दर्ता गर्नु पर्नेछ । तर नियमावलीको नियम ७ वमोजिम जिल्ला वा विभागीयस्तरमा मान्यता पाउने गरी श्रम कार्यालयमा छुट्टै युनियन दर्ता भएको रहेछ भने त्यस्तो युनियनले जिल्ला वा विभागीयस्तरको लागि अनुसुची-२ वमोजिमको ढाँचामा सम्वन्धित निर्वाचन अधिकृत समक्ष उम्मेद्वारी दर्ता गर्नु पर्नेछ ।

तर उम्मेद्वारी दर्ता गर्दाको वखत ट्रेड यूनियनको मान्यता प्राप्त नगरेको वा मान्यता अवधि समाप्त भएको युनियनले उम्मेदवारको मनोनयन गर्न पाउने छैन ।

२१. **मनोनयनको जाचवुझ र दर्ता** : (१) मनोनयन दर्ता गर्दा निर्वाचन अधिकृतको कार्यालयले रीत पुगे नपुगेको विषयमा हेरी रीत पुगेको मनोनयन मात्र दर्ता गर्नु पर्नेछ ।

(२) मनोनयनको लागि पेश गरेको प्रमाणहरु प्रारम्भिक अध्ययन गर्दा रीत पुगेको देखिएमा प्रमुख निर्वाचन अधिकृतको कार्यालय वा निर्वाचन अधिकृतको कार्यालयले सो दर्ता गरी सो को निस्सा सम्वन्धित युनियनलाई दिनु पर्नेछ ।

२२. **उम्मेद्वारको सूची प्रकाशित गर्ने** : (१) मनोनयन दर्ता भैसकेपछि निर्वाचन अधिकृतको कार्यालयले उम्मेद्वारको सूची प्रकाशन गर्नेछ ।

(२) उम्मेद्वारको सूची प्रकाशन गर्दा श्रम विभागमा युनियन दर्ता गर्दाको क्रम अनुसार प्रकाशन गर्नु पर्नेछ । जिल्ला वा विभागीयस्तरको लागि मात्र मनोनयन गर्ने युनियनको नाम राष्ट्रियस्तरको युनियनको नाम उल्लेख भएपछि अन्तिममा राखिनेछ ।

२३. **दावी विरोध गर्न सकिने** : मनोनयन भएको उम्मेद्वार युनियनले मनोनयन दर्ता गर्न नसक्ने कुनै कारण भए सो सम्वन्धमा कुनैपनि मतदाताले वा मान्यता प्राप्त निजामती कर्मचारी युनियनले दावी विरोध गर्न सक्नेछ ।

२४. **दावी विरोध उपरको जाचवुझ र नाम प्रकाशन** : (१) विनियम २३ वमोजिम दावी विरोध परेमा त्यस्तो दावी विरोध उपर जाँचवुझ गरी प्रमुख निर्वाचन अधिकृत वा सम्बन्धित निर्वाचन अधिकृतले निर्णय गर्नु पर्नेछ ।

(२) उपविनियम (१) वमोजिम दावी विरोध उपर जाँचबुझ गरी निर्णय गरेपछि उम्मेद्वारको नामावली प्रकाशित गर्नु पर्नेछ ।

२५. **नाम फिर्ता लिन सक्ने** : (१) उम्मेद्वार युनियनको कार्य समितिले उम्मेद्वारीको सूचीवाट आफ्नो नाम फिर्ता लिन चाहेमा तत्काल कायम रहेको कार्य समितिले नाम फिर्ता लिने सम्वन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपी सहित निवेदन दिनुपर्ने छ ।

(२) उप विनियम (१) वमोजिम नाम फिर्ता लिएमा त्यस्तो युनियनको नाम उम्मेद्वारको सूचीवाट हटाईने छ ।

२६. **उम्मेद्वारको अन्तिम नामावली प्रकाशित गर्ने** : यस परिच्छेदको अन्य विनियमहरुमा उल्लेख गरिए वमोजिम प्रकृया पुरा भए पछि प्रमुख निर्वाचन अधिकृतले बाँकि रहेको उम्मेद्वारको अन्तिम नामावली श्रम विभागमा ट्रेड युनियन दर्ता गर्दाको क्रम अनुसार (केन्द्रियस्तर, विभागीयस्तर र जिल्लास्तर ट्रेड यूनियन) प्रकाशन गर्नु पर्नेछ ।

२७. **निर्विरोध निर्वाचन भएको घोषणा गर्ने** : (१) देहायको अवस्थामा आधिकारिक ट्रेड यूनियनको निर्विरोध निर्वाचन हुनेछः

(क) आधिकारीक ट्रेड युनियनको निर्वाचनको लागि एक मात्र युनियनको उम्मेद्वारीपत्र दर्ता भई सो उम्मेद्वारीपत्र रीतपूर्वक भएमा,

(ख) एक भन्दा बढी उम्मेद्वारीपत्र दर्ता भएको भए ता पनि उम्मेद्वारीपत्र जाँच गर्दा कुनै एक उम्मेद्वारीपत्र मात्र रीतपूर्वकको भएमा,

(ग) उम्मेद्वारीपत्र दर्ता भई सके पछि नाम फिर्ता लिने समय भित्र नाम फिर्ता लिई कुनै एक मात्र ट्रेड यूनियनको उम्मेदवारी कायम रहेमा ।

(२) उपविनियम (१) बमोजिम आधिकारिक ट्रेड यूनियनको लागि निर्विरोध निर्वाचन हुने भएमा निर्वाचन अधिकृतले त्यस्तो ट्रेड यूनियन निर्विरोध निर्वाचन भएको घोषणा गरी त्यसको सूचना सम्बन्धित सवै जिल्लास्तर निर्वाचन अधिकृतको कार्यालयहरु, विभागीय निर्वाचन कार्यालयहरु र उम्मेद्वार ट्रेड युनियनहरुलाई दिनुपर्नेछ । सो को सूचना राष्ट्रियस्तरका दैनिक पत्रिका र अन्य सञ्चार माध्यमबाट दिई कार्यालयमा समेत टाँस्नु पर्नेछ ।

## परिच्छेद - ७

## प्रतिनिधि मनोनयन सम्वन्धी व्यवस्था

२८. **निर्वाचन प्रतिनिधिको नियुक्ति** : (१) निर्वाचनमा उम्मेदवारी दर्ता गर्ने प्रत्येक ट्रेड युनियनको जिल्ला, विभागीय वा केन्द्रयि तहका कार्य समिति गठन भएको रहेछ भने त्यस्तो समितिले तोकिदिएको प्रतिनिधि नै सो युनियनको तर्फवाट निर्वाचनको लागी तोकिएको प्रतिनिधि मानिनेछ ।

(२) कुनै युनियनको हकमा कुनै जिल्ला वा विभागीय तहमा कार्य समिती गठन नभएमा केन्द्रीय समितिको तर्फवाट सम्वन्धित मतदान केन्द्रमा नाम समावेश भएको कुनै कर्मचारीलाई आफ्नो निर्वाचन प्रतिनिधि तोक्न सक्नेछ ।

२९. **निर्वाचन प्रतिनिधिको काम, कर्तव्य** : निर्वाचन प्रतिनिधिले निर्वाचनको क्रममा उम्मेद्वार युनियनको तर्फवाट मुचुल्कामा हस्ताक्षर गर्ने, मतदान तथा मतगणनाको क्रममा उपस्थित भई निर्वाचन कार्यमा युनियनको तर्फवाट सहयोग गर्ने लगायत यस विनियमावलीमा उम्मेद्वारले गर्नुपर्ने भनी उल्लेख भए वमोजिमको कार्य गर्नु पर्नेछ ।

३०. **दस्तखत नमूना दिने** : निर्वाचन प्रतिनिधि तोक्ने युनियनले सो सम्वन्धमा गरेको निर्णय प्रमुख निर्वाचन अधिकृतको कार्यालय वा निर्वाचन अधिकृतको कार्यालयलाई दिंदा निर्वाचन प्रतिनिधिको हैसियतले कार्य गर्ने प्रतिनिधिको नाम र निजको दस्तखत नमूना समेत अनुसुची-४ वमोजिमको ढाँचामा पठाउनु पर्नेछ ।

## परिच्छेद - ८

## मतपत्र, मतपेटिका र विद्युतीय मतदान सम्वन्धी व्यवस्था

३१. **मतपत्र :** (१) निर्वाचनको लागि मतपत्रको ढाँचा अनुसूची - ३ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) मतपत्रमा उम्मेदवारको नामावली प्रकाशन गर्दाको क्रम अनुसार प्रत्येक उम्मेद्वारको नाम र त्यस पछि मत संकेत गर्ने कोठा समेत रहनेछ।

३२. **मतपत्रमा निर्वाचन अधिकृतको हस्ताक्षर** : मतपत्र मतदातालाई दिनु भन्दा अगाडि निर्वाचन अधिकृत वा सहायक निर्वाचन अधिकृतले मतपत्रमा हस्ताक्षर गर्नु पर्नेछ र सो वमोजिम हस्ताक्षर नभएको मतपत्रले मान्यता पाउने छैन।

३३. **मतपत्रको ढुवानी :** प्रमुख निर्वाचन अधिकृतको कार्यालयले प्रत्येक निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन हुनुभन्दा चौबीस घण्टा अगावै मतपत्र पुग्ने गरी व्यवस्था मिलाउनु पर्नेछ। तर जिल्ला/विभागीय तहमा छुट्टै मनोनयनपत्र दर्ता भएको र उम्मेदवारको अन्तिम सूचीमा नाम समावेश भएको रहेछ भने जिल्ला वा विभागीय निर्वाचन अधिकृतको कार्यालयले छुट्टै मतपत्र बनाउनु पर्नेछ।

३४. **मतपेटिकाको व्यवस्था :** मतदान हुने दिनभन्दा अघिल्लो दिन सवै मतदान केन्द्रहरुमा मतपेटिका पुऱ्याई सक्नु पर्नेछ।

३५. **विद्युतीय मतदान मेसिन प्रयोग गर्न सकिने :** (१) आधिकारिक ट्रेड युनियनको निर्वाचनमा भाग लिएका सवै उम्मेद्वार वा तिनीहरुका प्रतिनिधिहरुको सहमती लिई मतदानको लागि विद्युतीय मतदान मेसिनको प्रयोग गर्न सकिनेछ।

(२) उपविनियम (१) वमोजिम विद्युतीय मेसिन प्रयोग हुने अवस्था भएमा मतपत्र र मतपेटिका आवश्यक पर्ने छैन।

३६. **मुचुल्का वनाउनु पर्ने :** (१) मतदान शुरु हुनुभन्दा आधा घण्टा अगाडि निर्वाचन अधिकृतले उम्मेद्वारको निर्वाचन प्रतिनिधिलाई बोलाई प्राप्त मतपत्र संख्या र मतपेटिकाहरु देखाई उपस्थित प्रतिनिधिहरुको सहिछाप गराई उक्त मतपेटिका सिलबन्दी गर्नु पर्नेछ।

(२) उपविनियम (१) वमोजिमको कार्य सम्पन्न गरी मुचुल्का वनाई उपस्थित प्रतिनिधीहरुको सहीछाप गराई राख्नु पर्नेछ।

(३) यस विनियम वमोजिमको कार्य गर्नको लागि कुनै उम्मेद्वारको प्रतिनिधि उपस्थित नभएपनि कार्य सम्पन्न गर्न बाधा पुगेको मानिने छैन।

## परिच्छेद - ९

## मतदान सम्वन्धी व्यवस्था

३७. **मतदान केन्द्रको क्षेत्र तोक्ने :** (१) निर्वाचन अधिकृतले निर्वाचन हुने निकायभित्र कुनै उपयुक्त स्थानमा मतदान केन्द्र तोकी सो को सूचना सबैले देख्ने ठाउंमा टाँस्नु पर्नेछ।

(२) निर्वाचन अधिकृतले उपविनियम (१) बमोजिमको तोकिएको मतदान केन्द्रमा भीड नहुने व्यवस्था गर्न मतदान केन्द्रको हाता तोक्नु पर्नेछ। त्यसरी तोकिएको हाताभित्र विनियम ४५ मा उल्लेखित व्यक्तिहरु बाहेक अन्य व्यक्तिहरु प्रवेश गर्न पाउने छैनन्।

३८. **मतदान प्रारम्भ गर्ने** : निर्वाचन अधिकृतले प्रकाशित कार्यक्रम अनुसार तोकिएको समयमा मतदान प्रारम्भ गर्नु पर्नेछ।

३९. **मतदाताको नाम रुजु गर्ने :** (१) मतदान गर्न मतदान केन्द्रमा उपस्थित मतदाताको नाम जाँच गरी विवरण मिलेमा निजको नाममा ठीक (✓) चिन्ह लगाई मतपत्र प्रदान गरिनेछ ।

(२) मतदान केन्द्रमा उपस्थित मतदाताले फोटो सहितको कर्मचारी परिचय-पत्र साथमा लिनु पर्ने छ ।

(३) मतदाताले मतपत्र प्राप्त गर्नुभन्दा अगाडि निजको परिचयपत्र भिडाई मतदाता नामावलीमा हस्ताक्षर गराउनु पर्नेछ ।

४०. **मतपत्र दिने :** मतदाताले मतदान कार्यमा संलग्न कर्मचारी समक्ष रहेको मतदाता नामावलीमा हस्ताक्षर गरिसकेपछि निर्वाचन अधिकृत वा सहायक निर्वाचन अधिकृतले मतपत्रमा हस्ताक्षर गरी मतदातालाई दिनु पर्नेछ ।

४१. **मतदान गर्ने :** (१) मतदाताले मतपत्र प्राप्त गरेपछि तोकिएको गोप्य स्थानमा गई मतपत्रमा आफुलाई मनपरेको उमेदवारको नामको अगाडि रहेको कोठामा ठिक (✓) चिन्ह लगाई मतदान गर्नु पर्नेछ ।

(२) दृष्टि विहिन, अपाङ्गता भएको वा शारीरिक रुपमा अशक्त भएको मतदाताले मतदान अधिकृतको निगरानीमा आफूले इच्छाएको व्यक्तिको सहयोगमा मतदान गर्न सक्नेछ ।

४२. **मतदान केन्द्रमा प्रवेश गर्ने मतदातालाई मतदान गर्न दिने :** मतदान गर्न निर्धारण गरिएको समयभित्र मतदान केन्द्रमा प्रवेश गर्ने मतदातालाई मतदान गर्नबाट बञ्चित गरिने छैन ।

४३. **सानो तिनो त्रुटिमा मतदान गर्न दिने :** मतदाता नामावलीमा रहेको मतदाताको नाम, थर, ठेगानाको लेखाईमा टाईप वा अन्य कारणबाट वर्ण विन्यास, आकार, उकार आदि जस्ता सानोतिनो त्रुटि भई फरक परेकोमा त्यस्तो सानोतिनो त्रुटिमा मतदातालाई मतदान गर्नबाट बञ्चित गरिने छैन ।

४४. **नाम ढाँटी मतदान गर्ने व्यक्ति उपरको उजुरी सुन्ने :** (१) नाम ढाँटी मतदान गर्न आएमा त्यस्तो व्यक्ति निजामती कर्मचारी भएमा निर्वाचन अधिकृतले प्रमुख निर्वाचन अधिकृतलाई लेखी पठाउने छ । प्रमुख निर्वाचन अधिकृतले त्यस्तो कर्मचारीलाई विभागीय कारवाहीको लागि सम्वन्धित निकायमा लेखी पठाउनु पर्ने छ ।

(२) नाम ढाटी मतदान गर्न आउने गैर निजामती कर्मचारी भएमा सहायक निर्वाचन अधिकृतले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई आवश्यक कारवाहीको लागि लेखी पठाउनु पर्नेछ र यसको जानकारी निर्वाचन अधिकृतलाई समेत दिनु पर्नेछ ।

(३) उपविनियम (१) बमोजिम विभागीय कारवाहीको लागि प्रमुख निर्वाचन अधिकृतबाट लेखी आएमा कारवाही गरी अभिलेखमा जनाउनु सम्बन्धित निकायका प्रमुखको जिम्मेवारी हुनेछ ।

४५. **मतदान केन्द्रमा प्रवेश गर्न अनुमति दिन सक्ने :** (१) निर्वाचन अधिकृतले देहायका व्यक्तिहरुलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिन सक्नेछ :

(क) मतदाताहरु,

(ख) उम्मेदवारका प्रतिनिधिहरु,

(ग) निर्वाचन अधिकृतबाट अनुमति पाएका व्यक्तिहरु,

(घ) निर्वाचन वा मतदान कार्यको लागि सहयोग तथा अनुगमन गर्न खटिएका कर्मचारीहरु,

(२) प्रमुख निवार्चत अधिकृत वा निर्वाचन अधिकृतले तोके बाहेकका अनधिकृत व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्न दिइने छैन ।

४६. **विशेष परिस्थितिमा मतदान स्थगित गर्न सकिने :** (१) मतदान केन्द्रमा हिंसात्मक हुलदंगा वा उपद्रव वा प्राकृतिक प्रकोप वा अनधिकृत कव्जा भएमा वा काबु बाहिरको अन्य कुनै कारण परी मतदान हुन नसक्ने भएमा निर्वाचन अधिकृतले कुनै पनि समयमा मतदान स्थगित गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम मतदान स्थगित भएमा निर्वाचन अधिकृतले यथाशक्य चाँडो पुनः मतदान हुने समय र स्थान समेत तोकी सूचना प्रकाशित गर्नु पर्नेछ र सो को जानकारी प्रमुख निर्वाचन अधिकृतको कार्यालय र सम्बन्धित निकायमा दिनु पर्नेछ ।

४७. **निर्वाचन रद्द हुन सक्ने :** विनियम ४६ मा उल्लेख भए वमोजिम मतदान केन्द्र अनधिकृत कव्जा भई तत्काल मतदान स्थगन गर्न नसक्ने अवस्था भएमा प्रमुख निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन रद्द गरी पुनः मतदानको आदेश दिन सक्नेछ ।

४८. **मतदान सम्पन्न भएको मुचुल्का वनाउने :** (१) मतदान सकिएपछि मतपेटिका अन्यत्र लैजान परेमा वा अन्य कारण परी तुरुन्त मत गणना गर्न नसकेमा निर्वाचन अधिकृतले उपस्थित उम्मेद्वारका प्रतिनिधिहरुको सहीछाप गराई मतपेटिका बन्द गर्नु पर्नेछ ।

(२) मतदान सम्पन्न भए पछि प्रमुख निर्वाचन अधिकृतको कार्यालयवाट प्राप्त मतपत्र संख्या, निर्वाचन अधिकृतले हस्ताक्षर गरेको मतपत्र संख्या, बाँकी मतपत्र संख्याको विवरण खुलाई र मतपेटिका बन्द गरिएको मुचुल्का बनाई उपस्थित निर्वाचन प्रतिनिधिको हस्ताक्षर गराई राख्नु पर्नेछ।

(३) मतदान सम्पन्न भए पछि मतगणना तत्काल गर्न नसकिने भएमा वा अन्य स्थानमा गई मतगणना गर्नु पर्ने भएमा मतपेटिका वा मेशिनलाई सुरक्षित रुपमा भण्डारण गर्ने र ओसार पसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४९. **मतदान केन्द्रको सुरक्षा :** निर्वाचन अधिकृतले मतदान शुरु भएदेखि मतगणना नसकिंदासम्म मतदान केन्द्रको हाताभित्र आवश्यकता अनुसार स्थानीय प्रशासन र प्रहरीको सहयोग लिई सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-१०
## मतगणना

५०. **निर्धारित समयमा मतगणना शुरु गर्ने :** (१) मतदान कार्य सकिएपछि सवै मतदान केन्द्रबाट मतपेटिका प्राप्त हुनासाथ निर्वाचन अधिकृतले मतगणना प्रारम्भ हुने सूचना जारी गरी यथाशक्य चाँडो मतगणना प्रारम्भ गर्नुपर्ने छ ।

(२) उपविनियम (१) बमोजिम मतगणना गर्दा उम्मेद्वारको उपस्थित प्रतिनिधिहरुको रोहबरमा गर्नु पर्नेछ ।

(३) केन्द्रीयस्तरको आधिकारिक ट्रेड युनियनको निर्वाचनको मतपत्रको हकमा सवै स्थानको मतदान सम्पन्न भएपछि यथाशक्य चाँडो मत गणनाको व्यबस्था गर्नु पर्ने छ ।

(४) मतगणना फाराम तथा यस सम्बन्धि मुचुल्काहरु प्रमुख निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

५१. **मतगणना शुरु भएको मुचुल्का वनाउने :** मतगणना प्रारम्भ गर्नु अगाडि मतगणना प्रारम्भ भएको मुचुल्का वनाई उपस्थित उम्मेद्वारको प्रतिनिधिहरुलाई समेत हस्ताक्षर गराई मतगणना शुरु गर्नु पर्नेछ ।

**५२. मतगणनाको क्रम नरोकिने :** (१) निर्वाचन अधिकृतले मतगणना कार्य शुरु गरी सके पछि मतगणना नसकिउन्जेल लगातार गरिरहनु पर्नेछ ।

(२) मतगणना गर्दागर्दै हिंसात्मक वा उपद्रव वा प्राकृतिक प्रकोप वा काबु बाहिरको अन्य कुनै कारण परी मतगणना कार्य बीचैमा रोक्नु पर्ने भएमा निर्वाचन अधिकृतले सो कार्य स्थगित गर्न सक्नेछ । यसरी स्थगित भएको मतगणना कार्य यथाशक्य चाँडो शुरु गर्नु पर्नेछ र सो कुराको जानकारी मुख्य निर्वाचन कार्यालयमा र अन्य सम्बन्धित निकायमा दिनु पर्नेछ ।

**५३. प्रतिनिधिलाई मतपत्र देखाउने :** उम्मेद्वारका उपस्थित प्रतिनिधिलाई मतपत्र देखाई सदर मतहरु मात्र गणना गरिनेछ ।

**५४. मतपत्र वदर हुने अवस्था :** मतगणना गर्दा देहाय बमोजिमका मतपत्रहरु बदर हुनेछन्:

(क) सम्बन्धित निर्वाचन अधिकृतको सही नभएको,

(ख) एक भन्दा बढी उम्मेद्वारलाई मतदान गरिएको,

(ग) मतपत्र नबुझिने गरी पोतिएको,

(घ) उम्मेद्वारको निर्वाचन चिन्हको निमित्त तोकिएको कोठामा वा उम्मेद्वारको नामको अगाडि उल्लेखित क्रम संख्या बाहेक अन्यत्र मत संकेत गरेको,

(ङ) तोकिएको भन्दा बेग्लै मतपत्र प्रयोग भएको,

(च) मतपत्रमा कुनै प्रकारको भाषा वा अन्य संकेत वा कुनै वस्तु समेत जोडी संकेतसूचक कुरा समावेश भएको,

(छ) मत संकेत नवुझिने वा दुई वा दुई भन्दा बढी उम्मेद्वारको बीचमा मत संकेत गरी कसलाई मतदान गरेको हो स्पष्ट नभएको ।

**५५. दोहोऱ्याई मतगणना गर्न निवेदन दिन सक्ने :** कुनै मतगणना स्थलमा कुनै उम्मेद्वारको प्रतिनिधिले कारण उल्लेख गरी दोहोऱ्याई मतगणना गर्न निवेदन दिन सक्नेछ । यसरी निवेदन दिएकोमा कारण मुनासिव भएमा निर्वाचन अधिकृतले दोहोऱ्याई मतगणना गराउन सक्नेछ ।

**५६ मतगणना समाप्त भएको मुचुल्का गर्ने :** मतगणनाको काम समाप्त भएपछि निर्वाचनमा खसेको मतपत्र संख्या, मतपेटिकामा भएको मतपत्र संख्या, सदर मत र वदर मत उल्लेख गरी प्रत्येक उम्मेद्वारले पाएको मत संख्या उल्लेख गरी मुचुल्का वनाई उपस्थित उम्मेद्वार प्रतिनिधिहरुको सहीछाप गराउनु पर्नेछ ।

तर कुनै उम्मेद्वारको प्रतिनिधिले सहीछाप गर्न इन्कार गरेमा सो कुरा उल्लेख गरी निर्वाचन अधिकृतले सहीछाप गर्नु पर्नेछ ।

**५७. मत परीणामको घोषणा गरी प्रमुख निर्वाचन अधिकृतको कार्यालयमा पठाउने :**

(१) प्रत्येक मतदान केन्द्रको छुट्टा छुट्टै मतगणना गरी निर्वाचन अधिकृतले मत परिणाम घोषणा गर्नु पर्नेछ ।

(२) उपविनियम (१) वमोजिम घोषणा गरीएको मत परिणाममा निर्वाचन अधिकृतले उपस्थित निर्वाचन प्रतिनिधीहरुको हस्ताक्षर गराई तयार गरेको मुचुल्कालाई फ्याक्स गरी वा स्कान गरी ईमेल मार्फत वा अन्य तवरले प्रमुख निर्वाचन अधिकृतको कार्यालयमा तत्काल पठाउनु पर्नेछ ।

(३) उपविनियम (२) वमोजिम निर्वाचन अधिकृतले मतपरिणामको जानकारी पठाई सकेपछि निर्वाचन कार्यमा प्रयोग भएको मतदाता नामाबली, प्रयोग भएका मतपत्रहरु, प्रयोग नभई बांकी रहेका मतपत्रहरु, मतगणना फारमहरु, सक्कल मुचुल्काहरु समेत शीलबन्दी गरी प्रमुख निर्वाचन अधिकृतको कार्यलयमा पठाउनु पर्नेछ ।

**५८. प्रमुख निर्वाचन अधिकृतको कार्यालयले प्राप्त मत संख्या सार्वजनिक गर्ने :**

प्रमुख निर्वाचन अधिकृतको कार्यालयले देश भरीको सवै जिल्ला तथा विभागीय क्षेत्रमा भएको मतगणनाको परिणामलाई जोडी सवै उम्मेदवारले प्राप्त गरेको मतसंख्या सार्वजनिक गर्नु पर्नेछ ।

**५९. आधिकारिक ट्रेड युनियनमा प्रतिनिधित्वः** (१) ट्रेड युनियनहरुले प्राप्त गरेको मतका आधारमा नियमावलीको नियम ११७क को उपनियम (१२) को अनुसार आधिकारिक ट्रेड युनियनमा पदको बांडफांड हुने छ ।

(२) केन्द्रियस्तरको आधिकारिक ट्रेड युनियनमा प्रतिनिधित्व गर्न नपाउने तर जिल्ला वा विभागीयस्तरको युनियनको हैसियतमा दर्ता भएका युनियनले सोही तहमा बीस प्रतिशत मत प्राप्त गरेको भए सम्वन्धित जिल्ला वा विभागको आधिकारीक युनियनमा प्रतिनिधित्व गर्न पाउनेछ ।

**६०. केन्द्रीय आधिकारीक ट्रेड युनियनमा प्रतिनिधित्वको घोषणा गर्ने :**

प्रमुख निर्वाचन अधिकृतले विनियम ५८ वमोजिम ट्रेड यूनियनले प्राप्त गरेको मतलाई शत् प्रतिशत बनाई केन्द्रिय आधिकारिक ट्रेड यूनियनको परिणाम र नियमावलीको नियम ११७क बमोजिम यस्तो उम्मेद्वारले पाउने पद र सदस्य संख्या विनियम ५९ अनुसार घोषणा गर्ने छ ।

**६१. मतदान र मतगणना विवाद सम्बन्धमा :**

मतदान र मतगणना गर्दाको अवस्थामा तत्सम्बन्धी कुनै किसिमको विवाद भएमा निर्वाचन अधिकृतले दिएको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद ११
## आधिकारीक ट्रेड युनियनको घोषणा

**६२. केन्द्रीय आधिकारीक ट्रेड युनियनको घोषणा :** (१) प्रमुख निर्वाचन कार्यालयले युनियनको तर्फवाट केन्द्रीय आधिकारीक युनियनमा प्रतिनिधित्व गर्ने पदाधिकारीको पद र सदस्य संख्या उल्लेख गरी त्यसमा प्रतिनिधित्व गर्ने पदाधिकारीहरुको नाम पठाउन पन्ध्र दिनको समय दिनु पर्नेछ ।
(२) उपविनियम (१) वमोजिम निर्वाचन कार्यलयले नामावली माग गरे पछि सम्वन्धित ट्रेड युनियनले आफ्ना सदस्यहरु मध्येवाट केन्द्रीय समितिको वहुमतले हस्ताक्षर गरी आधिकारीक युनियनमा प्रतिनिधित्व गर्ने पदाधिकारी तथा सदस्यको नामावली तोकिएको समय भित्र प्रमुख निर्वाचन कार्यलयमा पठाउनु पर्ने छ ।

(३) उपविनियम (१) वमोजिम माग गरिएको नामावली प्राप्त भए पछि प्रमुख निर्वाचन अधिकृतले आधिकारीक ट्रेड युनियनको पदाधिकारी तथा सदस्यको नामावली घोषणा गरी सो को जानकारी श्रम विभाग, सवै ट्रेड युनियनहरु र सामान्य प्रशासन मन्त्रालयलाई दिनु पर्नेछ ।

(४) उपविनियम (१) वमोजिम कुनै युनियनले तोकिएको समय भित्र नाम नपठाएमा त्यस्तो युनियनको सदस्यहरुको पद खाली राखी नाम पेश भएका अन्य ट्रेड यूनियनबाट नियमानुसारका प्रतिनिधित्व गर्ने पदाधिकारी र सदस्यहरु रहेको आधिकारिक ट्रेड यूनियनको गठन हुने छ ।

६३. **जिल्ला/विभागीय आधिकारीक ट्रेड युनियनको घोषणा :** (१) निर्वाचन कार्यालयले उम्मेद्वार युनियन तर्फवाट सम्वन्धित जिल्ला/विभागीय आधिकारीक युनियनमा प्रतिनिधित्व गर्ने पदाधिकारीको पद र सदस्य संख्या उल्लेख गरी त्यसमा प्रतिनिधित्व गर्ने पदाधिकारीहरुको नाम पठाउनको लागि सम्वन्धित ट्रेड युनियनको जिल्ला/विभागीय तहको समितिलाई सात दिनको समय दिनु पर्नेछ ।
(२) उपविनियम (१) वमोजिम निर्वाचन अधिकृतको कार्यालयले नामावली माग गरे पछि सम्वन्धित ट्रेड युनियनले आफ्ना सदस्यहरु मध्येवाट जिल्ला/विभागीय समितीको वहुमतले हस्ताक्षर गरी आधिकारीक युनियनमा प्रतिनिधित्व गर्ने पदाधिकारी तथा सदस्यको नामावली तोकिएको समय भित्र निर्वाचन अधिकृतको कार्यालयमा पठाउनु पर्ने छ ।

(३) उपविनियम (१) वमोजिम माग गरिएको नामावली प्राप्त भएपछि निर्वाचन अधिकृतले सम्वन्धित जिल्ला वा विभागीय आधिकारीक ट्रेड युनियनको पदाधिकारी तथा सदस्यहरुको नामावली घोषणा गरी सो को जानकारी प्रमुख निर्वाचन अधिकृतको कार्यालय, श्रम विभाग सम्वन्धित श्रम कार्यालय, सवै ट्रेड युनियनहरुको सोही तहको समिति, जिल्ला प्रशासन कार्यालय र सामान्य प्रशासन मन्त्रालयलाई दिनु पर्नेछ ।

## परिच्छेद ११
## विविध

६४. **निर्वाचन सहयोग तथा अनुगमन समिति :**

(१) केन्द्रीय/विभागीय/जिल्लास्तरको लागि आधिकारिक ट्रेड यूनियनको निर्वाचन सम्बन्धी काममा निर्वाचन अधिकृतलाई आवश्यक सहयोग पुर्‍याउन र निर्वाचनको अनुगमन समेत गर्नका निमित्त आवश्यकता अनुसार देहाय बमोजिमका सदस्यहरु रहेको निर्वाचन सहयोग तथा अनुगमन समिति गठन गर्न गरिने छ ।

(क) महा-निर्देशक, श्रम विभाग - संयोजक

विभागीयस्तरको लागि सम्बन्धि विभागका कर्मचारी महाशाखा प्रमुख र जिल्लास्तरका लागि सम्बन्धित जिल्लाका प्र.जी.अ.

(ख) प्रतिनिधि, सम्बन्धित निर्वाचन क्षेत्र - सदस्य

स्पष्टिकरण : निर्वाचन क्षेत्रको प्रतिनिधि मनोनयन गर्दा केन्द्रको हकमा श्रम तथा रोजगार मन्त्रालयले, विभागको हकमा सम्वन्धित विभागीय प्रमुखले, जिल्लाको हकमा श्रम कार्यालय रहेको जिल्लामा श्रम कार्यालयका कार्यालय प्रमुख स्वयम् र श्रम कार्यालय नभएको जिल्लामा प्रमुख जिल्ला अधिकारीले प्रतिनिधि मनोनयन गर्नु पर्नेछ ।

(ग) सामान्य प्रशासन मंत्रालयका सहसचिव - सदस्य

विभागिय तथा जिल्लास्तरका लागि उक्त मंत्रालयले तोकेको पदाधिकारी

(घ) प्रत्येक राष्ट्रियस्तरका ट्रेड यूनियनका प्रतिनिधि एक/एकजना - सदस्य

तर जिल्ला वा विभागमा हुने निर्वाचनमा विभाग वा जिल्लास्तरको युनियनको प्रतिनिधि समेत सहभागी हुन पाउने छन ।

(२) उपविनियम (१) बमोजिम गठित समितिका सदस्यहरुले निर्वाचन अधिकृतलाई निर्वाचन सम्बन्धी सम्पूर्ण काममा आवस्यक सहयोग पुर्‍याउने तथा निर्वाचनको अनुगमन गर्नु पर्नेछ ।

**६५. निर्वाचन सम्बन्धी कागजात गोप्य राख्ने :**

(१) निर्वाचन अधिकृतले निर्वाचनसँग सम्बन्धीत सम्पूर्ण कागजातहरु शीलबन्दी गरी निर्वाचन निर्वाचन अधिकृतको कार्यालयमा सुरक्षित राख्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम राखिएका कागजातहरु विनियम ६६ मा उल्लेखित अवस्थामा बाहेक आधिकारिक ट्रेड युनियनको घोषणा भएको मितिले नव्वे दिन पछि धुल्याइने छ ।

तर मत परिणाम सम्वन्धी मुचुल्का र आधिकारीक युनियनको घोषणाको सक्कल कागजात श्रम विभागमा अभिलेखको लागि पठाउनु पर्नेछ ।

६६. **मुद्दा दायर गर्दा श्रम विभागलाई जानकारी दिनु पर्ने :** (१) यस विनियमावली वमोजिम सम्पन्न भएको निर्वाचनको परिणामका विषयमा कुनै पक्षलाई कुनै कुरामा चित्त नवुझेमा सो विषयमा पुनरावेदन गरेको वा अन्य निकाय वा अधिकारी समक्ष अन्य जुनसुकै व्यहोराले उजुरी वा निवेदन दिएमा त्यसको जनकारी श्रम विभागलाई दिनु पर्नेछ ।

(२) उपविनियम (१) वमोजिम जानकारी प्राप्त भएमा सम्वन्धित निर्वाचन कार्यालयलाई मुद्दा वा उजुरी सम्वन्धी विषयको कागजात धुल्याउने कार्य रोक्नु भनी जानकारी दिनु पर्नेछ र सो वमोजिम जानकारी नदिएमा विनियम ६५ वमोजिम कागजातहरु धुल्याउन सकिनेछ ।

६७. **आचार संहिताको पालना :** प्रमुख निर्वाचन अधिकृतले सवै ट्रेड युनियनहरु संग परामर्श गरी निर्वाचन आचार संहिता निर्माण गर्न सक्नेछन् । यसरी आचार संहिता वनेकोमा त्यसलाई पालना गर्नु सवैको कर्तव्य हुनेछ ।

**६८. उम्मेदवारको कुनै प्रतिनिधि अनुपस्थित रहेमा पनि निर्वाचन सम्बन्धी काम नरोकिने :**

यस विनियमावलीमा उल्लेख भए वमोजिम गर्नु पर्ने कुनै कार्यमा उम्मेद्वारको कुनै प्रतिनिधि अनुपस्थित रहेमा पनि निर्वाचन सम्बन्धी काम रोकिने छैन ।

६९. **कार्यविधि वनाई लागू गर्न सक्ने :** यस विनियमावलीको अधिनमा रही प्रमुख निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

७०. **नयाँ ट्रेड यूनियनको दर्ता रोक्ने :** श्रम विभाग र श्रम कार्यालयहरुले आधिकारीक ट्रेड यूनियनको निर्वाचन मिति तोके पछि आधिकारीक ट्रेड यूनियनको घोषणा नहुदासम्म निजामती कर्मचारीहरुको नयाँ ट्रेड यूनियन दर्ता रोक्का राख्ने छन ।

७१. **निर्वाचन खर्च सम्वन्धी व्यवस्था :** आधिकारीक ट्रेड युनियनको निर्वाचनको लागि आवश्यक पर्ने खर्च नेपाल सरकारबाट उपलब्ध हुनेछ ।

७२. **निर्वाचन सम्बन्धी वाधा अड्काउ फुकुवा गर्ने :** निर्वाचन सम्बन्धी कुनै कुरामा द्विविधा भई निर्वाचनको काममा बाधा अड्चन आईपरेमा प्रमुख निर्वाचन अधिकृतले त्यस्तो बाधा अड्चन फुकाउन निर्णय गरी आवश्यक आदेश जारी गरी वाधा अड्काउ फुकाउन सक्ने छ । यस्तो आदेश यस विनियमावलीको अभिन्न अंग मानिने छ ।

७३. **बाधा अड्काउ फुकाउने :** यस विनियमावलीको कार्यन्वयनमा कुनै वाधा अड्चन आई परेमा श्रम विभागले त्यस्तो वाधा अड्काउ फुकाउनेछ ।

**अनुसूची -१**

**<u>उम्मेद्वारी मनोनयनको लागि दिने निवेदन</u>**

( विनियम २० संग सम्बन्धित)

श्रीमान प्रमुख निर्वाचन अधिकृतज्यू,

प्रमुख निर्वाचन अधिकृतको कार्यालय, काठमाण्डौ,

विषय : उम्मेद्वारी मनोनयन गरीएको वारे ।

निजामती सेवा ऐन २०४९ तथा निजामती सेवा नियमावली २०५० वमोजिम श्रम विभागमा राष्ट्रिय स्तरको मान्यता प्राप्त ट्रेड युनियनको रुपमा दर्ता भएको युनियन ........................................ ............... ... .. .............केन्द्रीय स्तरको आधिकारीक ट्रेड युनियनमा उम्मेद्वार हुने निर्णय गरेको हुदा यो मनोनयन पत्र पेश गरिएको छ ।

युनियनको पुरा नाम :

दर्ता नम्वर : दर्ता मिती :

अन्तिम पटक नविकरण गरेको मिती : मान्यता अवधि :

निर्वाचनको कार्य गर्नको लागि तोकिएको आधिकारिक प्रतिनिधिको नाम ठेगाना र सम्पर्क फोन नम्वर :

.........................................................................................................................

मनोनयन गर्ने सम्वन्धमा कार्यसमितीले गरेको निर्णय साथै संलग्न छ ।

आधिकारीक प्रतिनिधिको हस्ताक्षर :

हस्ताक्षर

कार्यसमितीको तर्फवाट

मिती :

**अनुसूची -२**

**<u>उम्मेद्वारी मनोनयनको लागि दिने निवेदन</u>**

( विनियम २० संग सम्बन्धित)

श्रीमान निर्वाचन अधिकृतज्यू,

निर्वाचन अधिकृतको कार्यालय, ...........................

विषय : जिल्ला/विभागीय स्तरको लागि उम्मेद्वारी मनोनयन गरीएको वारे ।

निजामती सेवा ऐन २०४९ तथा निजामती सेवा नियमावली २०५० वमोजिम श्रम कार्यालयमा जिल्ला /विभागीय स्तरको मान्यता प्राप्त ट्रेड युनियनको रुपमा दर्ता भएको युनियन ............. .............. ....... ..... ............... ... .. .............जिल्ला/विभागीय स्तरको आधिकारीक ट्रेड युनियनमा उम्मेद्वार हुने निर्णय गरेको हुदा यो मनोनयन पत्र पेश गरिएको छ ।

युनियनको पुरा नाम :

दर्ता नम्वर : दर्ता मिती :

अन्तिम पटक नविकरण गरेको मिती : मान्यता अवधि :

निर्वाचनको कार्य गर्नको लागि तोकिएको आधिकारिक प्रतिनिधिको नाम ठेगाना र सम्पर्क फोन नम्वर:

.......................................................................................................................

मनोनयन दर्ता गर्ने सम्वन्धमा जिल्ला/विभागीय कार्यसमितीले गरेको निर्णय साथै संलग्न छ ।

आधिकारिक प्रतिनिधिको हस्ताक्षर :

हस्ताक्षर

जिल्ला/विभागीय कार्यसमितीको तर्फवाट

मिती :

**अनुसूची -३**

## आधिकारिक ट्रेड युनियनको निर्वाचन २०...को मतपत्र

( विनियम ३१ संग सम्बन्धित)

| क्र.स. | उम्मेद्वार ट्रेड युनियनको नाम | यो कोठामा कुनै एक उम्मेद्वार ट्रेड युनियनलाई ✓ चिन्ह लगाई मतदान गर्नु होला |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

........................ ...............................

निर्वाचन अधिकृत/सहायक निर्वाचन अधिकृत

अनुसूची - ४

## निर्वाचन प्रतिनिधि मनोनयन गर्ने पत्र

(विनियम ३० संग सम्बन्धित)

**बिषय : निर्वाचन प्रतिनिधि मनोनयन**

श्री निर्वाचन अधिकृतज्यू

निर्वाचन अधिकृतको कार्यालय, ……………………।

निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड यूनियनका लागि हुन गइरहेको निर्वाचनको क्रममा यस यूनियनको तर्फवाट मुचुल्कामा हस्ताक्षर गर्ने, मतदान तथा मतगणनाको क्रममा उपस्थित भई निर्वाचन कार्यमा यूनियनको तर्फवाट सहयोग गर्ने लगायत आबश्यक कार्यको लागि यस ट्रेड यूनियनका …………………… …………………………लाई निर्वाचन प्रतिनिधि मनोनयन गरिएको व्यहोरा अनुरोध छ । निजको हस्ताक्षर नमूना निम्नानुसार छ ।

प्रतिनिधिको हस्ताक्षर नमूना

माहासचिव अध्यक्ष

ट्रेड यूनियनको नाम ………………………………………

ट्रेड यूनियनको नाम छाप